फारममा उल्लिखित खण्डहरु ध्यानपूर्वक पढेर दुई प्रति सक्कल फारममा निम्नानुसार क्रमैसंग विवरण भर्नुहोस ।

१. थर (*surname*)मा नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको थर लेख्नुपर्नेछ । विवाहित महिलाको थर परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

२. नाम (*given name*) भर्दा नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको पहिलो र बीचको नाम लेख्नुपर्नेछ ।

३. जन्मस्थान (*place of birth*) मा नागरिकतामा उल्लेख भएको जन्मस्थानको जिल्लाको नाम र विदेशमा जन्मेको भए सो देशको नाम लेख्नुपर्नेछ ।

४. राष्ट्रियतामा *NEPALESE* लेख्ने ।

५. जन्ममिति (*date of birth*) मा इस्वी सम्वत मा क्रमशःवर्ष, महिना, गते (*yyyy,mm,dd*) र विक्रम सम्बतमा क्रमशः वर्ष, महिना गते (*yyyy,mm,dd*) लेख्नुपर्नेछ ।

६. नागरिकताको प्रमाणपत्रमा उल्लेख भए अनुसारको लिङ्ग (sex): पुरुष भए M र महिला भए F लेख्नुपर्नेछ ।

७. नागरिकता वा अनुमति नं. (*citizenship or permit no.*) मा नागरिकता प्रमाणपत्र नं. ( नागरिकता नबनाएकाहरुको हकमा नावालिग परिचय पत्र नं. वा जन्म दर्ता प्रमाणपत्र नं.) लेख्नुपर्नेछ ।

८. जारी मिति (*date of issue* ) मा नागरिकता प्रमाणपत्र र (नागरिकता नबनाएकाहरुको हकमा नावालिग परिचय पत्र नं. वा जन्म दर्ता प्रमाणपत्र नं.) जारी भएको मिति विक्रम सम्बतमा क्रमशः वर्ष, महिना, गते ( *yyyy,mm,dd*) लेख्नुपर्नेछ ।

९. जारी भएको स्थान (*place of issue*) मा नागरिकता प्रमाणपत्र ( नागरिकता नबनाएकाहरुको हकमा नावालिग परिचय पत्र वा जन्म दर्ता प्रमाणपत्र ) जारी भएको जिल्लाको नाम लेख्नुपर्नेछ ।

१०. पुरानो राहदानी (*old passport no.*) मा हाल प्रयोग गरिरहेको राहदानीको नम्बर लेख्नुपर्नेछ । हालको राहदानी हराएको भए हराएको राहदानीको नम्बर लेख्नुपर्नेछ ।

१० A. जारी भएको मितिमा हालको राहदानीमा उल्लेख भएको जारी मिति क्रमशः वर्ष,महिना,गते -*yyyy,mm,dd*) लेख्नुपर्नेछ ।

१० B. जारी भएको स्थानमा हालको राहदानी जारी भएको ठांउ (नेपालमा जारी भएको भए जिल्लाको नाम र विदेशमा जारी भएको भए नेपाली राजदूतावासको नाम) लेख्नुपर्नेछ ।

११. ११A देखि ११E सम्म निवेदकको स्थायी ठेगाना भएको **जिल्ला, नगरपालिका वा गा.वि.स., वडा नं., टोल वा गाउंको नाम** र घर र ब्लक नं. भए सो समेत क्रमशः लेख्नुपर्नेछ । घर नंबर नभएमा सो विवरण खाली छोड्न सकिनेछ ।

**नोटः स्थायी ठेगाना भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नेपालको ठेगाना वा बसाईं सराईंको कागजात भए सोही बमोजिमको ठेगाना लेख्नुपर्नेछ ।**

१२. निवेदकको सम्पर्क इमेल *id* लेख्नुपर्ने ।

१३. निवेदकको हालको (अमेरिकाको) फोन नं. स्पष्ट बुझिने गरी लेख्नुपर्ने ।

१४. १४A देखि १४G सम्म आपत परेमा खवर गर्ने निकटतम व्यक्ति (*next of kin*) को नेपालको विवरण लेख्नुपर्नेछ ।

१५. *next of kin* संगको नाता लेख्नुपर्ने ।

१६. *next of kin* को फोन नं. (नेपालको) लेख्नुपर्ने ।

१७. *next of kin* को इमेल id छ भने लेख्नुपर्ने ।

१८. औंठाको छापमा कोठा भित्रमात्र पर्नेगरी निवेदकको दायां र बायां बुढी औंलाको छाप प्रष्टसंग लगाउनुपर्नेछ ।

१९. निवेदकको सही लेखिएको ठीक माथिको कोठामा दायां, बायां, तल, माथि रेखा नछुने गरी प्रष्ट सही गर्नुपर्नेछ । सही गर्ने कोठा बाहिरको मितिमा फारम भरेको दिनको मिति इस्वी सम्बतमा लेख्ने ।

२०. *verifying officer* लेखिएको ठाउंमा र सो भन्दा तल केही पनि नलेख्ने ।

२१. **सवै *asterisk*(*) चिन्ह भएको विवरणहरु अनिवार्यरुपमा भर्नुपर्नेछ ।**

पुनश्चः फारम साईज नमिलेको, फोटो मापदण्ड अनुसार नभएको,विवरण पुरा नभरेको, स्पष्ट बुझिने गरी नभरेको, आवश्यक काजात संलग्न नगरेको अवस्थामा निवेदन स्वीकृत नहुने र नयां फारम सहित सवै कागजात फिर्ता पठाइने भएकोले फारम भर्दा दुवै पृष्ठमा भएको जानकारीमा ध्यान दिनुहुन अनुरोध गरिन्छ ।